म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३१ | मंगलबार १४ भदौ २०७९ | ने. सं. ११४२ ञलाथ्व | 30 August, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं**

- सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँज र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं ।
- विज्ञापन दरमा छुट दिनेभए सोसमेत उल्लेख गरौं ।
- निर्धारित दर सार्वजनिक गरौ र विज्ञापन बोर्डमा समेत पठाऔं ।
- तोकिएको दर र छुटको सिमामा रही कारोबार गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# खतिवडालाई विडारीको काउण्टर !, तर सम्भावना न्यून

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि मकवानपुर २ नम्बर क्षेत्रमा नेकपा माओवादी केन्द्रका नेता रामनारायण विडारीले दाबी गरेका छन् ।

यसअघि प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा नेकपा (एकीकृत समाजवाजी)का स्थायी कमिटी सदस्य तथा पूर्वस्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाले दाबी गरेका थिए । खतिवडाले पार्टीबाट उम्मेदवार सिफारिससमेत गराइसकेका छन् । गठबन्धनकै नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य विडारीले २ नम्बर क्षेत्रमै उम्मेदवारी दिने भन्दै खतिवडालाई काउन्टर दिएका छन् । खतिवडालाई दिएको काउण्टरमा विडारी कति सफल होलान ? यो निकट भविष्यमै थाहा होला । तर, विडारीले जिल्लाका दुई वटा प्रतिनिधिसभा क्षेत्रमध्ये एउटा जसरी पनि लिने अड्डी कसेका छन् ।




प्रतिनिधिसभा क्षेत्र नम्बर १ भन्दा २ नम्बरमा विडारीको आँखा गाडिएको छ । विडारी पनि २ नम्बर क्षेत्रकै हुन् । उनले माओवादी केन्द्रबाट गठबन्धनको नेतृत्व गर्दै उम्मेदवारी दिने बताउँदै आएका छन् । तर, जिल्लामा सत्तारुढ गठबन्धनको प्रमुख घटक नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी)ले एक-एक वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र लिएर जाने 'भद्र सहमति' भएको बुझिएकोछ । जसअनुसार प्रतिनिधिसभा क्षेत्र नम्बर १ बाट नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना र २ नम्बर क्षेत्रबाट खतिवडाको सम्भावना बलियो रहेको गठबन्धनभित्र चर्चा छ । गठबन्धनको दोस्रो ठूलो दल नेकपा माओवादी केन्द्रलाई प्रदेशसभा निर्वाचनमा दुई वटा सिट दिने तयारी पनि छ ।

जनअनुसार प्रदेश निर्वाचन क्षेत्र १ को (क) र प्रदेश निर्वाचन क्षेत्र २ को (क) नेकपा माओवादी केन्द्रलाई दिने तयारी भएको गठबन्धनका एक शीर्ष नेताले जानकारी दिए । प्रदेश निर्वाचन क्षेत्र १ को (ख) र प्रदेश निर्वाचन क्षेत्र २ को (ख) नेपाली कांग्रेसले पाउने छ । नेकपा (एकीकृत समाजवादी)बाट खतिवडाले प्रतिनिधिसभा निर्वाचन क्षेत्र २ लिएपछि प्रदेशसभा निर्वाचनमा दाबी गरेको छैन । माओवादी केन्द्रका विडारीले गत बाम गठबन्धनमा पनि पार्टीले प्रतिनिधिसभा छोडेको भन्दै आगामी निर्वाचनमा एउटा प्रतिनिधिसभा जसरी पनि चाहिने दाबी गर्दै आएका छन् ।

तर, गठबन्धनका नेताहरुका अनुसार विडारीले प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ को टिकट पाउने सम्भावना न्यून छ । गठबन्धनका केन्द्रीय शीर्ष नेताहरुबीच अघिल्लो निर्वाचनमा जितेको क्षेत्र सम्बन्धित पार्टीले लिने बारे सहमति भएको यसअघि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बताएका थिए । प्रचण्डकै भनाइलाई आधार मान्दा पनि मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा खतिवडाले टिकट पाउने सम्भावना बलियो छ । खतिवडा अघिल्लो निर्वाचनमा पनि सोही क्षेत्रबाट बिजयी भएका थिए । २ नम्बर क्षेत्रमा विडारीभन्दा खतिवडा प्रभावशाली नेताका रुपमा चिनिन्छन् ।

जिल्लामा कम्युनिष्ट जग बसालेका खतिवडाले हालसम्म निर्वाचन हारेका छैनन् । उनी चार पटक नै विजयी भएका थिए । कानुन व्यवसायीबाट मूलधारको राजनीतिमा आएका विडारी हालसम्म समानुपातिक कोटाबाट प्रतिनिधिसभा राष्ट्रियसभामा प्रवेश गरेका व्यक्ति हुन् । विडारीलाई प्रत्यक्ष निर्वाचन जित्न कठिन रहेको गठबन्धनभित्रै आंकलन गरिन्छ । 'उहाँले प्रतिनिधिसभामा दाबी गर्नु स्वभाविक हो । तर, २ नम्बर क्षेत्रमा खतिवडाज्यूले टिकट पाउनु हुन्छ । उहाँको बेस त्यति बलियो छैन, जति खतिवडाज्युको छ । सायद गठबन्धन नभएको भए विडारीज्युले दाबी पनि गर्नु हुँदैन थियो होला', नेकपा (एकीकृत समाजवाजी) मकवानपुरका एक पदाधिकारीले नाम नबताउने सर्तमा *साझाकुरा*सँग भने ।

नेता विडारीले २ नम्बर क्षेत्रबाट उम्मेदवारी दिने अडान लिए पनि गठबन्धनबाट टिकट पाउने सम्भावना भने न्यून रहेको कांग्रेस नेताहरु बताउँछन् । टिकट नपाउने सम्भावनामा विडारीलाई निर्वाचन क्षेत्र फेर्ने एउटा 'अप्सन' १ नम्बर क्षेत्र बाँकी छ । तर, १ नम्बर क्षेत्रमा कांग्रेसबाट सहमहामन्त्री डीनाको बलियो दाबी रहेकाले उनलाई त्यता पनि सहज छैन । यसकारण विडारी आगामी निर्वाचनमा पुनः समानुपातिक कोटाबाट अगाडि बढ्ने देखिन्छ । विडारी संविधान निर्माणकर्ता सदस्यमध्ये एक हुन् ।

**बर्तौंला आए खतिवडालाई पनि असहज**

प्रतिनिधिसभा क्षेत्र नम्बर २ बाट नेकपा एमालेले युवा उम्मेदवार महेश बर्तौंलालाई उठाउने तयारी गरिरहेको छ । २ नम्बर क्षेत्रमै नेकपा एमालेका केन्द्रीय सदस्य तथा जिल्ला इञ्चार्ज रामेश्वर रानाको पनि चर्चा छ । तर, बर्तौंलाले पार्टी केन्द्रीय तहदेखि जिल्ला तहसम्म लबिङ बढाएका छन् । एमालेले देशभर युवा उम्मेदवारलाई प्राथमिकता दिने नीति लिइरहँदा बर्तौंलाको सम्भावना बढेको छ । २ नम्बर क्षेत्रकै भीमफेदी गाउँपालिकास्थित नामटार जन्मिएका बर्तौंला खतिवडालाई टक्कर दिनसक्ने नेता हुन् । बर्तौंला अनेरास्ववियु मकवानपुरको अध्यक्ष, अनेरास्ववियु केन्द्रीय उपाध्यक्ष हुँदै अहिले पार्टी बागमती प्रदेश कमिटीको उपमहासचिव तथा प्रचार प्रसार विभाग प्रमुख छन् ।

मकवानपुरको निर्वाचनमा खतिवडा नयाँ अनुहार हुन् । उनले यसअघि कुनै निर्वाचन नलडेका कारण पनि खतिवडालाई निर्वाचन जित्न सहज भने छैन । किनकी स्थानीय तह निर्वाचनमा मतदाताहरुले नयाँ अनुहारलाई धेरै रुचाएको देखिन्थ्यो । २ नम्बर क्षेत्रमा एमाले र गठबन्धनबीच करिब १२ हजार मतान्तर रहेको तथ्याङ्क बोकेर हिँडिरहेका छन्, बर्तौंला । बर्तौंलाले १२ हजार मतान्तरलाई सहजै आफूतिर ल्याउन सक्ने दाबी पार्टीका नेताहरुलाई गरिरहेका छन् । विगत निर्वाचनदेखि खतिवडालाई मत हालेका जनताले आगामी निर्वाचनमा आफूलाई मत हाल्ने तयारी गरिरहेको बर्तौंला दाबी गर्छन् ।

## आज हरितालिका तीज मनाइँदै

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ आज भाद्र शुक्ल तृतीया, हरितालिका तीज । वैदिक सनातन हिन्दू धर्मावलम्बी नारीहरू देवादि देव महादेवको पूजा आराधना गरी मनाउँदैछन् ।

हिन्दू पात्रोअनुसार प्रत्येक संवत्सरको भाद्रशुक्ल तृतीयाका दिन मनाइने यस पर्वमा विशेष गरी भगवान् शिवलाई खुशी पार्न व्रत लिने र पार्वतीसहित उनको पूजा आराधना गरिन्छ । आज हरितालिका तीजको अवसरमा मकवानपुरको शिवालयहरुमा व्रतालु महिलाहरुको भीड लाग्ने गर्दछ ।

हेटौंडाको पशुपती मन्दिरमा प्रत्येक वर्ष तीजको दिन व्रतालु महिलाहरु पूजाआजा गर्न लाइन लाग्ने गरेका छन् । अनादि कालमा आद्यशक्ति हिमालयपुत्री पार्वतीले 'भगवान् शिवलाई पति रूपमा पाऊँ' भनी व्रत गरेको शिवपुराणमा उल्लेख छ । राजा हिमालयले आफ्नी छोरी पार्वतीको कन्यादान भगवान् विष्णुसँग गरिदिने भएपछि आफूले मन पराएको वर पाउन उनले शवजीको तपस्या गरिन् । लामो समयसम्म तपस्या गर्दा पनि आफ्नो मनोकामना पूर्ण नभएपछि उनले शिवलिंग स्थापना गरी व्रत बसेकी थिइन् । तीज उत्सव मनाउन थालिएको धर्म तथा संस्कृती सम्बन्धी जानकार रामचन्द्र आचार्य 'फुर्सती' बताउँछन् ।

तीजको अवसरमा 'अविवाहितले सुयोग्य वर पाऊँ, विवाहितले आफ्नो पतिबाट पार्वतीलेझैं माया पाऊँ, जीवनभर दाम्पत्य जीवनको सुखभोग गर्न पाऊँ र विधवा महिलाले अर्को जन्ममा सुयोग्य पति पाऊँ र वैधव्य जीवन बिताउनु नपरोस्' भन्ने मनोकामनाका साथ व्रत बस्ने गर्दछन् ।

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४ ९८४५०२८४३१**

**तथास्तु शपिङ्ग मार्केटको**

शटर पसल भाडामा उपलब्ध छ

**Booking Open Now !**

हेटौंडा-१०, मेनरोड (वाणिज्य बैंकसँगै र नेपाल बैंकको विपरित)

९८५१११२२२७, ९८५५०६७३०३, ९८५५०६७६४७

**विषेशताहरू:**

- आफ्नै पर्याप्त पार्किङ्ग सुविधा भएको ।
- सडक मापदण्ड (३१ मि.) पूरा भएको ।
- १० वर्ष सम्मको लिखित सम्झौता हुने ।
- २४ सै घण्टा सुरक्षा गार्ड रहेको ।
- निःशुल्क सार्वजनिक शौचालय भएको ।
- निःशुल्क इन्टरनेट सुविधा भएको ।
- सफा र फराकिलो पसल कौल भएको ।



## मकवानुरका क्रिसल यू-१७ मा छनौट



हेटौंडा, १३ भदौ/ हेटौंडा फुटबल एकेडेमीका क्रिसल मोक्तान यू-१७ मा छनौट भएका छन् ।

यू-१७ राष्ट्रिय फुटबल टिममा मकवानुरका मोक्तान छनौट भएका हुन् । हेटौंडा फुटबल एकेडेमीका गोलरक्षक मोक्तान यू-१७ राष्ट्रिय फुटबल टिममा छनौट भएको एकेडेमीका प्रशिक्षक भीम लामाले जानकारी दिए ।

साफ यू-१७ पुरुष च्याम्पियनसीप र एएफसी यू-१७ एसियन कप छनोट फुटबलका लागि आइतबार नेपाली राष्ट्रिय टिमको घोषणा गरिएको थियो ।

यू-१७ एसियन कप छनोट अक्टोबर १ देखि ९ सम्म हुनेछ । साफ यू-१७ आगामी सेप्टेम्बर ५ बाट श्रीलंकामा हुनेछ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




Note: BSC, CSIT, BCA र BBS को Entrance Prepration Class पनि संचालन भइरहेको छ ।

साझाकुरा

## हाम्रो कुरा

# हरितालिका तीजको शुभकामना

नेपाली समाजमा तीज महिलाहरुले मनाउने एउटा महत्वपूर्ण पर्व हो । तीज पौराणिक कालदेखि चलिआएको एक परम्परा हो । सृष्टि र समाज चल्नका लागि पूर्वीय मान्यताअनुसार महिलाहरु विवाहपश्चात् आफ्नो श्रीमानको घरमा बसी बाँकी जीवन बिताउनु पर्ने हुन्छ । यसरी आफू जन्मेको घर, मातापिता, भाइबहिनी, इष्टमित्र र समाज चटक्क छाडी पराइघरमा जीवन बिताउँदा आउने माइतीको याद मेटाउने र माइतीसँगको पुनर्मिलनको एउटा महत्वपूर्ण अवसरको रुपमा तीज पर्वको महत्व रहेको छ ।

तीज भाद्र शुक्ल तृतियादेखि पञ्चमीसम्म चार दिन मनाइन्छ । तीजमा भगवान शिवको आराधना गरिनुका साथै नाचगान, मनोरञ्जनसमेत गर्ने गरिन्छ । नेपाली हिन्दू महिलाहरुद्वारा स्वतन्त्र र आनन्दमयरुपमा मनाइने तीज अन्य धर्म र जातजातिका नेपाली महिलाहरुले पनि मनाउन थालेका छन् । नेपालभर मनाइने तीज पर्व भारतका कुनै-कुनै प्रान्तमा मनाइने गरिन्छ । तीजमा महिलाहरुले आफ्ना माइतीसँग बसेर राम्रो-मीठो खानेकुरा खाने तथा तीजको दिन ब्रत बस्ने चलन छ । धार्मिक मान्यताका अनुसार तीजमा ब्रत बस्नाले आफ्ना पतिलगायत परिवार जनको आयु लामो हुने विश्वास गरिन्छ । त्यसैगरी अविवाहिता महिलाले ब्रत बस्दा योग्य वर प्राप्त हुने विश्वास पनि गरिन्छ । तीजको धार्मिक महत्व जे जस्तो भए पनि सामाजिक महत्व एकदमै राम्रो छ । तीजमा माइतीमा चेलीबेटीलाई बोलाइने तथा उनीहरुको दु:ख, सुख बुझ्ने गरिन्छ । महिलाहरुलाई पराइघरको विभिन्न जिम्मेवारी, तनाव, साथै माइतीको सम्झनाको खाडललाई कम गर्न यो पर्वको ठूलो भूमिका रहेको छ । तीजमा विवाहिता महिलाहरु आफ्नो श्रीमानको दीर्घायुको कामना गर्दै ब्रत बसी नाचगान र मनोरञ्जन गर्छन् भने अविवाहिताहरु सुयोग्य वरको आशा राखी ब्रत बस्छन् ।

तीजलाई भड्किलो र विकृतिपूर्ण बनाउँदै लगेमा यसको सांस्कृतिक महत्व तथा गरिमा छायाँमा पर्ने निश्चित छ । धर्म, संस्कृति र चाडपर्वको नाममा कुनै पनि प्रकारको विकृति बढ्नु अवश्य पनि सुखद् हुँदैन । तीजमा महङ्गो भोज गरेर दर खाने परिपाटी अन्त्य हुनैपर्छ । हुनेखानेले आफ्ना महंगा कपडा तथा गहना प्रदर्शन गर्ने माध्यम पनि तीज बन्नु हुँदैन । हुनेखानेले तीजको नाममा जथाभावी खर्च गर्दा सर्वसाधारणलाई मर्का पर्छ भन्ने कुराको ख्याल गर्नुपर्छ । राम्रो उद्देश्य लिएर तीज मनाऔं । तीजमा ब्रत बस्दा सबै महिलाहरुले आफ्नो स्वास्थ्यको ख्याल गर्नैपर्छ । शरीरमा समस्या छ भने भोकै बस्न नहुन सक्छ । पानी पनि नपिई ब्रत बस्दा हुनसक्ने शारीरिक समस्याको बारेमा बुझेर ब्रत बसौं । सकारात्मक सोचका साथ तीज मनाऔं । सबैमा हरितालिका तीजको शुभकामना ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ १५ गते बुधबार ३१ अगष्ट २०२२ । भाद्र शुक्लपक्ष चतुर्थी । त्रलाध्व ११४२ । सूर्योदय: ५:४२, सूर्यास्त: ६:२४ मा हुनेछ । गणेश चतुर्थी ब्रत ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मित्रतामा कमी आउनेछ | **तुला** | : घरेलु समस्याले सताउने देखिन्छ |
| **वृष** | : कामको जिम्मेवारी बढ्नेछ | **वृश्चिक** | : अध्ययन अध्यापनमा गडबडी हुनेछ |
| **मिथुन** | : व्यापार-व्यवसायमा उन्नति हुनेछ | **धनु** | : व्यापारबाट लाभ मिल्नेछ |
| **कर्कट** | : रमाइलो यात्राको योग परेको छ | **मकर** | : स्वास्थ्योपचारमा खर्च हुनेछ |
| **सिंह** | : नचिताएको काम सम्पन्न हुनेछ | **कुम्भ** | : मानसिक असन्तुष्टि बढ्नेछ |
| **कन्या** | : राम्रो समाचार सुन्न पाइनेछ | **मीन** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ |

# मुल मर्म अनुसार मनाऔं हरितालिका तीज



सुपेन्द्र बस्नेत

*तीजको लहर आयो बरीलै...*
*तीजको लहर आयो बरीलै...*

बर्षौदेखि यो नेपालीहरुको महान चाड हरितालिका तीजको पर्याय बन्दै आइरहेको छ । यस अवसरमा यो जस्तै अन्य तीज लक्षित गीतहरु पनि तछाडमछाड गर्दै गुन्जिने गर्दछन् । जब तीज नजिकिन थाल्छ, तब यस्ता गीतहरुले घुम्टो उठाएर वर्षदिनको मौनता तोड्दै सर्वत्र गुन्जिन थाल्छन् । जसले नेपालीहरुमा उमङ्गको छुट्टै तरङ्ग पैदा गरिदिन्छ । यस वर्ष पनि हरितालिका चाड नजिकिन सुरु भएदेखि नै तीज लक्षित गीतहरु गाँउदेखि शहरसम्म देशदेखि बिदेशसम्म गुञ्जिन थालिसकेका थियो । र, नेपाली समुदायमा उल्लास तथा उमङ्ग छाउन सुरु भैसकेको थियो ।

दर खाने दिनसम्म आइपुग्दा महिलादेखि पुरुषसम्म भुरादेखि बुढासम्म सबैलाई तीजले प्रतक्ष्य अप्रतक्ष्य रुपमा छोइ सकेको छ । उसो त मुख्य गरी धार्मिक तथा साँस्कृतिक आस्था, विश्वास, परम्परा र रितिरिवाजमा आधारित भएर विभिन्न धार्मिक कार्यहरु गरी मनाइने यो एक प्रचलित धार्मिक चाड हो । विषेश गरी यस धार्मिक कार्यहरुमा महिलाहरु सक्रिय रहने भएकाले यस चाडलाई महिलाहरुको महान चाडका रुपमा पनि व्याख्या गरिने गरिन्छ । तर, दिनप्रतिदिन यसको दायरा फराकिलो बन्दै गएकाले यो चाड बृहत रुपमा मनाउने गरिएको पाइन्छ ।

धार्मिक ग्रन्थ अनुसार पार्वतीले निराहार ब्रत बसी पूजा अर्चनासहित तपस्या गरेर भगवान शिव जस्तो होनहार योग्य वर पाएको धार्मिक मान्यतामा आधारित छ । जस अनुसार हिन्दु धर्मावलम्बी महिलाहरुले विवाहित भए पतिको सुस्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिको कामनासहित सुखद् दाम्पत्य जीवनको र अविवाहित भए भगवान शिव जस्तै योग्य वर पाँउ भनी भगवानको पूजा, अर्चना, स्तुति र प्रार्थना गरी यो चाड मनाउने गरिन्छ । प्रार्थनाबाट भगवान खुशी भई आशिर्वाद दिने र मनो कामना पुरा भइ जीवन सुखमय हुने धार्मिक विश्वासका आधारमा मनाउन सुरु गरिएको यो चाड, समयसगै समाज परिवर्तनमा प्रभाव पार्ने बिभिन्न कारक तत्वहरुका कारण समाजमा शैक्षिक, आर्थिक, राजनितिक लगायत क्षेत्रमा भएको परिवर्तबाट प्रतक्ष्य परोक्ष प्रभावित हुदै गइरहेको छ । जसले गर्दा यो चाडमा गरिने क्रियाकलापहरु र यसको महत्वमा पनि विविधता आएको छ ।

पहिला पहिला धार्मिक क्रियाकलापहरुमा मात्र सिमित यो चाडलाई विस्तारै विस्तारै विवाहित महिलाको जन्म र कर्म घरको महत्व दर्शाउने सेतुको रुपमा उपयोग हुदै समाजिक परिवर्तनका लागि महिलाको दु:ख पिडा, अधिकार, अभिमुखिकरण र राजनैतिक परिवर्तको वकालत गर्ने एक महायज्ञकै रुपमा पनि उपयोग गरिन थालियो । जसले अझै पनि यो या त्यो अर्थमा निरन्तरता पाइनै रहेको छ । केही बर्ष यतादेखि त यस चाडको दायरा झनै फराकिलो हुदै गएको छ । जसले प्रार्थना तथा उपासनाका साथ गरिने धार्मिक क्रियाकलापहरुमा भन्दा जमघट हुने, खानपिन गर्ने, नाँचगान गर्ने, मनोरञ्जन गर्ने र हैसियतको प्रतिस्पर्धा गर्ने क्रियाकलापहरुमा बढी प्राथमिकता दिइरहेको छ । यसरी महिनौं अघीबाट चाडको नाममा मनोरञ्जनका लागि साँगितिक कार्यक्रमहरु गर्ने, दर खाने र जोर जुलुम गरेर हैसियत प्रदर्शन गर्ने तिर बढी केन्द्रिकृत हुदै जादा, चाडको धार्मिक मुल मर्म, महीमा र महत्व भने छायाँमा पर्दै गइरहेको छ । यस चाडलाई समय, काल र परिस्थिति अनुसार सामाजिक परिवर्तनका लागि उत्सव र अवसरका रुपमा सदुपयोग गरिनु पक्कै पनि सकारात्मक कुरा हो ।तर, परिवर्तन र मनोरञ्जनका नाममा चाडको मर्म नै मर्ने गरी सामाजिक तथा धार्मिक तथा साँस्कृतिक आस्था, बिश्वास, रितिरिवाज, परम्परा आदिमा रहेको महत्वपूर्ण सकारात्मक, अमुल्य र वजसी पक्ष नै जानी नजानी छाँयामा पारिनु वा मारिदै जानु पक्कै पनि दु:खद र चिन्ताको बिषय हो । हिजो आज हरितालिका तीज मनाउने तवर तरिका र हुने गरेको क्रियाकलापहरुका कारण चाडको मर्म नै मर्दै गएको यथार्थलाई नकार्न सकिन्न । सामाजिक परिवर्तनका नाममा परिमार्जित र परिस्कृत तरिकाले चाड मनाएर चाडको मर्मलाई बेवास्ता गरिदा, सामाजिक विकृति पनि प्रसस्तै उब्जिरहेका छन् । र, दिन दुगुना रात चौगुना मौलाउदै गइरहेका छन् ।

तीजको महत्व आज जे जति छ त्यो धार्मिक आस्था, परम्परा र विश्वासकै कारण भएको हो भन्नेमा कुनै संका छैन । तर, त्यहिँ धार्मिक आस्था, परम्परा र विश्वासलाई नै ओझेलमा पारेर र मारेर सभ्य समृद्ध समाजको निर्माण कसरी गर्न सकिन्छ र ? भन्ने यक्षप्रश्न यतिबेला जोडतोड उब्जिरहेको छ । नेपालको सच्चा पहिचान, शक्ति, सबल पक्ष र पुँजी भनेकै विविधताका बिचको एकता हो । र, नेपाललाई समृद्ध बनाउने मुख्य आधार भनेको नै देशमा र हेका बिभिन्न चाड पर्व, भाषा, जात जाति, धर्म संस्कृति, धार्मिक सहिष्णुता, परम्परा, रितिरिवाज, भेषभुषा नै हुन् । त्यसैले नेपालले यसलाई जोगाई राखेर यसको प्रवर्द्धन गरी विश्वका पर्यटकहरुलाई आकर्षित गर्न सक्नु पर्दछ । र, यिनलाई पुँजीका रुपमा सदुपयोग गर्न सक्नु पर्दछ । तर, विडम्बना ! सामाजिक परिवर्तन र आधुनिकताको नाममा यस्ता अमुल्य मौलिक पहिचानसहितको नेपाली चाड पर्वहरुको मुल मर्म नै मर्दै जादै छन् ।

जसको ज्वलन्त उदाहरण बन्दै छ हरितालिका तीज । एकातिर महिला अधिकार, महिला हिंसा बिरुद्धको अभियान, महिला शसक्तिकरणका नाममा गरिने कार्यक्रमहरु र मनोरञ्जन केन्द्रित क्रियाकलापहरुले यो चाडको मर्मलाई ओझेलमा पार्दै गईरहेको छ भने, अर्कोतिर तीजको महत्व जीवन्त राख्ने नाममा गरिने धार्मिक क्रियाकलापहरु भने कर्मकाण्डी र औपचारिकतामा मात्र सिमित हुदै गईरहेको छ । लोकारकृतिका लागि मन्दिर धाएर शिवको पूजा, अर्चना र स्तुति गाउँदैमा धर्म हुदैन र चाडको मर्म बच्दैन । सच्चा धर्म त सच्चा कर्मले मात्र प्राप्त गर्न सकिन्छ । श्रीमान् र श्रीमति, प्रेमी र प्रेमिका, देवता र मानव, माइती र घर, दिदी बहिनी र दाजुभाई, आमा र छोरी आदिका बिचको सुमधुर सम्बन्ध, एकता, शक्ति, सत्य, माया, मर्यादा, भूमिका, सहयोग, अधिकार, दायित्व, समर्पण, त्याग, प्राप्ति आदिको बहुआयामिक प्रतिक हो हरीतालिका तीज । जसले सभ्य समाजको निर्माणमा महत्वपूर्ण अग्रणी भूमिका खेल्दछ । यही हो यस चाडको मुल मर्म पनि । यसैमा केन्द्रिकृत भएर मनाइनु पर्दछ यो चाडलाई । तर, यथार्थमा त्यसो हुन सकिरहेको छैन । जसको मनग्य असरल्ल प्रमाणहरु देख्न र सुन्न पाइन्छ हिजो आज आयोजित तीज लक्षित कार्यक्रमहरुमा ।

अर्को तर्फ, तीजको रौनक र उमङ्ग बढाउने तीज लक्षित अधिकांस गीतहरुले मनोञ्जनका नाममा गाईजात्रा नै प्रस्तुत गरिरहेका भेटिन्छन् । यस्ता गीत संगीतले महिला र पुरुष बिचको खाडललाई दिगो रुपमा पुरेर आत्मीय सामिप्यता कदाचित स्थापित गर्न सक्दैन । पुरुषको सक्रिय सहभागिता र अग्रणी भुमिका बिना नै महिलाको यथोचित उत्थान र विकास हुन्छ भन्ठान्नु र त्यबाट ऐश्वर्य प्राप्त गर्न खोज्नु , बालुवा पेलेर तेल निकाल्ने निरर्थक प्रयास गर्नु जस्तै हो । त्यसका लागि त महिलाप्रति पुरुष र पुरुषप्रति महिला सकारात्मक हुनै पर्दछ ।

र, समृद्ध समाजको सृजनाको निम्ति संयुक्त अभियानको खाँचो छ । सकारात्मक सोच, सकारात्मक काम र सकारात्मक परिणाम् । त्यसैले, यो अवसरमा चाडको धार्मिक आस्था, विश्वास र गरीमालाई अक्षुण राख्दै सकारात्मक पक्षको वकालतलाई प्राथमिकता दिइनु पर्दछ । मानव सभ्यता र जगत भलोका दृष्टिकोणले यस चाडको अर्को निकै चिन्ताजनक पक्ष बन्दै गएको छ आडम्बरी हैसियत प्रदर्शनको प्रतिस्पर्धा । हिजो आजको परिवर्तित अवस्थामा, हुँदा खानेको पनि नभई, हुने खानेको मात्रै चाडको रुपमा आफ्नो परिचय बनाउदै गइरहेको छ यो चाडले तीजको अवसरमा जे जस्तो गरेर भए पनि आफ्नो आर्थिक र सामाजिक हैसियत अरुको भन्दा उच्च रहेको प्रमाणित गर्न प्रयोग गरिने महंगो कपडा, श्रृंगार , खानपिन र आभुषणको प्रयोगमा आएको आडम्बरी प्रतिस्पर्दाले, धनी र गरिब महिलाहरु बिचको खाडल पुर्नुको सट्टा झन झन बढाउदै गईरहेको छ । महिनौं अघिदेखि चाडका नाममा घर, चोक, चौतारो, होटल, रेष्टुरेन्ट, पिकनिक स्थल लगायत स्थानहरुमा विभिन्न खाले कार्यक्रमहरुसहित सामुहिक दर खाने चलनले तीज निकै खर्चिलो र भडकिलो बन्दै गईरहेको छ । जसले गर्दा धार्मिक, साँस्कृतिक तथा परम्परागत् 'दर'को साब्दिक अर्थ र मुल मर्म नै मर्दै गइरहेको छ । यसको असर सहरमा मात्र हैन गाँउमा पनि परिरहेको छ । देशमा मात्र हैन परदेशमा रहेका नेपालीहरुमा पनि परिरहेको छ । सामूहिक रुपमा मनाइने यो चाड, समाजलाई आत्मीय एकताको सुत्रमा बाँध्ने सुवर्ण अवसर हो ।

तर, यो एकताको सुत्रमा बाँधिने सुमधुर अवसरलाई बुद्धिमता पूर्वक उपयोग गर्न सकिरहिएको छैन । एकातिर हुने खाने र प्रदर्शन गर्न चाहनेहरुका आडम्बरी प्रतिस्पर्धात्मक क्रियाकलापहरुले गर्दा, हुँदा खानेहरुलाई झन हिनता बोध गराइरहेको छ भने, अर्कोतिर विकृति तथा विसंगतिहरु पनि उति नै भित्रि रहेका छन् । र, हुँदा खाने र हुने खानेका बिच झन् बिकरण भैरहेको छ । यि र यस्ता चाडका मर्म विपरीत परिणामका आधारहरुलाई बिश्लेषण गर्दा, यस्ता हर्कतहरुले यसै गरी प्राथमिकता पाएर मौलाउदै जाने हो भने केही बर्ष भित्रै हुने खाने र हुँदा खाने महिलाहरु बिचको युद्ध केन्द्रित चाड बन्छ यो 'तीज' । यस्ता गतिविधिहरुले धार्मिक क्षेत्रमा मात्र हैन, समाजका हरेक क्षेत्रमा असर पार्दछ । र, समग्रमा मानवता हराउदछ । महिला अधिकार का पक्षमा वकालत गर्न, मनोरञ्जन गर्न, आफ्नो उच्च आडम्बरी हैसियत प्रदर्शन गर्न महत्वपूर्ण धार्मिक तथा पूजनीय प्रेमको संदेश बोकेको यही चाडलाई नै पर्खिरहनु पर्दैन । अन्य दिनहरुमा पनि गर्न सकिन्छ ।

त्यसैले यो चाड मनाउदा सबैको समान सम्मान गर्न समान हैसियत, समान अधिकार र समान दायित्वको सुनिश्चितता हुने गरी मनाउनु अपरिहार्य छ ।

अत: सारमा भन्नु पर्दा मुख्य गरी यस चाडमा अन्तर्निहित धार्मिक, साँस्कृतिक, रितिरिवाज र परम्परागत अमुल्य मुल मर्मको संरक्षण तथा संवर्द्धन गर्दै चाडको सकारात्मक पक्षलाई समय, काल र परिस्थिति अनुसार सामाजिक परिवर्तनका लागि सदुपयोग गर्नु पर्दछ । चाड मनाउदा सबै आत्मीय एकतामा बाँधिनु पर्दछ । संसार प्रेममय छ । मर्यादित र समर्पित प्रेम बिनाको जीवन अर्थहीन छ । प्रेम नै साँचो अर्थमा मानव जीवनको सार हो ।

त्यसैले त्यसैमा केन्द्रित भएर कर्म गर्नु नै मानवको धर्म हो । जो जगत भलोको एक महत्वपूर्ण ब्रम्हास्त्र हो । तसर्थ, श्रीमान र श्रीमती, प्रेमी र प्रेमीका, माइती र घर, चेली र दाजुभाई, भगवान र मानव आदिका बिचको प्रेम पूजनीय हुनु अपरिहार्य छ । जसमा आत्मीय एकता, सत्यता, पवित्रता, धैर्यता, लगनशिलता, निरन्तरता, एकाग्रता, विश्वश्नियता, इमानदारिता, जिम्मेवारी, अधिकार, समर्परण, प्राप्ति, त्याग आदि महत्वपूर्ण कारक तत्वहरु अपरिहार्य हुन्छन् । जो सार्थक जीवन जीउनका लागि एक अर्काका परिपुरक हुन्छन् । यहि हो यो चाडको सार मुल मर्म । यसैमा केन्द्रिकृत भएर मनाउनु पर्दछ यो पवित्र चाड 'हरितालिका तीज' ।

अत: चाडको मुल मर्म अनुसार नै यो चाड हर्षोल्लासका साथ 'प्रेममय' रुपमा मनाउन सकौं भन्ने सदिच्छासहित सबैमा हार्दिक मंगलमय शुभकामना !!!

# 'देशभक्त र बामपन्थी शक्तिबीचको एकता आवश्यक'



डा. केशव देवकोटा

एमालेका अध्यक्ष केपी ओलीले आफ्नो पार्टीको केन्द्रीय समितिको बैठकमा बोल्दै देशका सम्पूर्ण देशभक्त, बामपन्थी र प्रगतिशील शक्तिलाई एकताका लागि आह्वान गर्नुभएपछि यसतर्फ नेपालको राजनीतिका सबै तह र तप्काहरूको ध्यानाकर्षण भएको देखिएको छ । उहाँले बिगतमा भएको एमाले र माओवादी केन्द्रबीचको असफल एकतालाई स्मरणगर्दै एकता सक्कली हुनुपर्ने पनि बताउनु भएको छ । साथै उहाँले एकताको नाममा अल्मलिने भूलचाहिं एमालेले नगर्ने खुलासा पनि गर्नुभएको छ ।

देशमा आमरूपमा बिरोध हुँदाहुँदै फाष्ट ट्र्याकबाट नागरिकता बिधेयक पारित गराउने प्रयास भइरहेको, आगामी निर्वाचनका सन्दर्भमा पाँचदलीय गठबन्धनको आवरणमा नेपालमा कसैलाई पनि बहुमत ल्याउन नदिने र नेपालको राष्ट्रिय राजनीतिलाई धमिल्याएर विदेशीहरूलाई चलखेल गर्न सजिलो पार्ने प्रयास भएको तथा दलहरूका बीचमा बिचारबिहीन एकताका प्रयासहरू भइरहेको हालको अवस्थामा अध्यक्ष ओलीले गरेको आह्वानले नेपालको खासगरी बाम शक्तिलाई चीर निन्द्राबाट ब्युँझाउने काम गरेको छ ।

यतिबेला माओवादी केन्द्र र एकीकृत समाजवादीका कारण नेपाली कांग्रेससमेत तवाह भएको छ । एकातिर माओवादी केन्द्र लगायतका दलहरूले आफूहरूलाई प्रत्यक्ष निर्वाचन तर्फका १६४ सीटमध्ये १०० भन्दा बढी चाहिने माग गरिरहेका छन् भने अर्कातिर नेपाली कांग्रेसकै डा. शेखर कोइराला समूहले पार्टीका सभापति तथा प्रधानमन्त्रि शेरबहादुर देउवाले आफ्नो पार्टीका लागि १०० भन्दा कम सीटमा सहमति गरेको खण्डमा पार्टीमा बिद्रोह हुने चुनौती दिइसक्नुभएको छ ।

नेपाल समाजवादी पार्टीका अध्यक्षमध्येका एक डा. बाबुराम भट्टराईले आफूहरू पनि सत्ता गठबन्धन भित्रैको शक्ति भएको बताउँदै आगामी निर्वाचनका लागि सीटको काँडफाँडगर्दा आफूहरूलाई पनि समावेश गर्नुपर्ने माग गरेको देखिएको छ भने अर्कोतिर लोसपाले पाँच दलीय सत्ता गठबन्धनभित्रैबाट आफूहरूले पनि सीट पाउनुपर्ने र सरकारमा पनि सहभागी हुन पाउनुपर्ने माग गरिरहेको देखिन्छ । तर, पाँच दलीय गठबन्धनका अन्य घटकहरू अरुलाई गठबन्धनमा प्रवेश दिने पक्षमा देखिएका छैनन् ।

उनीहरूमध्ये माओवादी केन्द्र र एकीकृत समाजवादीले आगामी निर्वाचनपछि पार्टी एकता गर्नेगरी तत्कालका लागि कार्यगत एकता गर्ने तथा एउटै घोषणापत्रबाट निर्वाचन लड्ने भ्रम दिने प्रयास गरिरहेका छन् । स्मरणीय के छ भने उक्त दुई पार्टीका बीचमा पार्टी एकता गर्ने औपचारिक सम्झौता पनि भएको छैन र निर्वाचन आयोगमा निर्वाचन प्रयोजनका लागि अलग, अलग दल दर्ता गरेको अवस्था छ ।

त्यसैगरी माओवादी केन्द्र र एकीकृत समाजवादी मिलेर सीटको बाँडफाँटमा नेपाली कांग्रेसलाई धम्क्याउने काम भएको छभने अर्कातिर डा. भट्टराई र पुष्पकमल लाहाल 'प्रचण्ड' मिलेर एकीकृत समाजवादीलाई साइजमा ल्याउने प्रयास पनि भइरहेको छ । यसरी पाँच दलीय सत्ता गठबन्धन, त्यसभित्रको माओवादी केन्द्र र एकीकृत समाजवादीको उप गठबन्धन र दाहाल, डा. भट्टराई र बामदेव गौतम लगायतको सह गठबन्धनले गर्दा गठबन्धन भित्रै भाँडभैलो सिर्जना हुने अवस्था देखिएको छ । गठबन्धन पक्षका घटकहरूको मागअनुसार सीट बाँडफाँट हुने हो भने आगामी निर्वाचनमा नेपाली कांग्रेसले ३१ सीटमात्र पाउने सम्भावना देखिएको छ । यता क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठक चलिरहेको छ । जहाँ आगामी निर्वाचनलाई उपयोग गर्नुपर्छ भन्नेको संख्या बढ्दै गएको छ । सो पार्टीले निर्वाचन आयोगमा आफ्नो सहपार्टी देशभक्त जनगणतान्त्रिक मोर्चालाई निर्वाचन प्रयोजनका लागि दर्ता गरिसकेको छ भने नेत्रविक्रम चन्द नेतृत्वको नेकपाले निर्वाचनमा जान पनि सकिनेगरी केन्द्रीय समितिबाट निर्णय गराएको छ । तत्कालीन एमाले नेतृत्वको सरकारले सो पार्टीमाथि लागेको प्रतिबन्ध हटाउनाका साथै तीन बुँदे सहमति गरेको थियो । जसको कार्यान्वयन गर्न/गराउन बर्तमान सरकारमा रहेकाहरूले आलटाल गरिरहेका छन् ।

वर्तमान सरकारमा रहेकामध्ये नेपाली कांग्रेस सो पार्टीलाई आगामी निर्वाचनमा सहभागी गराउने पक्षमा छभने माओवादी केन्द्र सकेसम्म सो समूह निर्वाचनमा सहभागी नभैदिए हुन्थ्योभन्ने पक्षमा रहेको देखिएको छ । किनकी दुबैको प्रभाव क्षेत्र भनेको पश्चिम र सुदूर पश्चिमनै हो । चन्द समूहले एमालेसँग वार्ता जारी राखेको छ भने माओवादी केन्द्रसँगको वार्ताको ढोका बन्द भइसकेको अवस्था छ । यसैबीचमा सो समूहका नेताहरूका बिरुद्ध पक्राउ पूर्जी जारी भएपछि पाँच दलीय गठबन्धनको बिरोध बढेको छ ।

यसैबीचमा सो पार्टीका प्रवक्ता खड्गबहादुर बिश्वकर्मा अकस्मात छिमेकी चीनको भ्रमणमा जानुभएको छ । जसको खास ध्येय नेपाल सरकारप्रति तीनबुँदे सहमति कार्यान्वयन गराउन दबाव बढाउनु र नेपालका देशभक्त बामपन्थी र प्रगतिशील शक्तिकाबीचमा एकताको वातावरण बनाउनु नै हो । यतिबेला क्रान्तिकारी माओवादी केन्द्रसँग अन्य पाँचवटा र नेत्रविक्रम चन्द नेतृत्वको नेकपासँग अन्य तीनवटा कम्युनिष्ट पार्टी कार्यगत एकतामा रहेका छन् । यतिबेलाको अवस्थामा क्रान्तिकारी माओवादी र चन्द नेतृत्वको नेकपालाई समेट्नु भनेको १० वटा बाम समूहहरूलाई समेट्नु हो । माओवादी केन्द्रले जसरी ओली बाहेककालाई समेट्ने कुरा गरेको छ । त्यसैगरी एमालेले पनि पुष्पकमल दाहाल बाहेककालाई समेट्ने नारा दिन र वयवहारिक रूपमानै समेट्न सक्ने अवस्था रहेको छ । तुलनात्मक रूपमा नेमकिपा र नेकपा माले माओवादी केन्द्र भन्दा एमालेको निकट रहेका छन् भने निर्वाचन आयोगमा दर्तामा रहेको क्रियाशील पार्टी लोकनारायण सुवेदी नेतृत्वको नेकपा पनि माओवादी केन्द्र भन्दा एमालेकै निकट देखिएको छ ।

त्यसैगरी गैह्रबामपन्थी राप्रपा र राप्रपा नेपाललगायतको आकर्षण पनि एमालेतिरै बढी देखिएको छ । एमालेले यतिबेलासम्म घोषितरूपमा गठबन्धन नबनाए पनि बिभिन्न पार्टीलाई आफ्नो सूर्य चिह्न प्रयोग गरेर निर्वाचन लड्ने अनुमति दिँदै आएको छ । जसले निर्वाचन प्रयोजनका लागि आयोगमा पार्टी दर्ता नगरेकाहरूलाई पनि अवसर प्राप्त हुने अवस्था देखिएको छ । एमालेका अध्यक्ष ओलीले सार्बजनिक रूपमा देशभक्त बामपन्थी र प्रगतिशील शक्तिलाई एकताका लागि जुन आह्वान गर्नुभएको छ, साथसाथै उनीहरूलाई गोलबन्द गर्न प्रयास गर्ने हो भने आगामी हप्तासम्ममा धेरै दलहरू एमाले निकट आउनसक्ने सम्भावना छ ।

नागरिकता बिधेयक र लिम्पियाधुरा लिपुलेक समेटिएको नक्सा लगायतका कुराहरूले एमालेको राष्ट्रवादी छवी बनेको छ भने पाँच दलीय गठबन्धनको त्यस विपरीतको छवी बनेको छ । त्यसैले पनि यतिबेला पाँच दलीय गठबन्धनमा रहेका बाहेकका घटकहरूलाई एमालेले समेट्न सक्ने सम्भावना देखापरेको छ ।

एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले पार्टी चलाउन नसक्ने हुनुभएको छ । जुन पार्टी माओवादी केन्द्रमा बिलय हुने कुराहरू सार्वजनिक भइसकेका छन् । त्यस्तै अवस्था डा. भट्टराई र बाम्देवको पनि छ । ति पार्टी माओवादी केन्द्रमा एकीकृत हुने हल्लाले मात्र पनि कतिपय नेता तथा कार्यकर्ताहरू एमाले लगायतका अन्य पार्टीमा प्रवेश गर्न लागेका छन् ।

-बाँकी ३ पेजमा...

# विपद्मा प्रतिकार्य समूह बनाउँदै एमाले मकवानपुर



साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ नेकपा एमाले मकवानपुर जिल्ला कमिटीअन्तर्गत जिल्ला विपद व्यवस्थापन तथा स्वंमसेवक भिभागको बैठकले जिल्लामा विपद् व्यवस्थापनका लागि निर्णयहरु गरेको छ ।

हेटौंडामा भएको विभागको बैठकले मकवानपुरमा आइपर्ने प्राकृतिक विपद् व्यवस्थापनका लागि प्रतिकार्य समूह गठन गर्ने निर्णय गरेको छ । नेकपा एमाले जिल्ला कमिटी सदस्य तथा विभागका प्रमुख शिवहरि दाहालको अध्यक्षता तथा नेकपा एमाले जिल्ला अध्यक्ष एकलाल श्रेष्ठको प्रमुख आतिथ्यमा भएको बैठकले विपद व्यवस्थापनका सम्बन्धमा सरोकारवाला संघ, संस्था एवं निकायहरुसँग समन्वय गरि आवश्यक कार्ययोजना बनाउने, विपद व्यवस्थापनका लागि पार्टीकोतर्फबाट प्रतिकार्य स्वंमसेवक समूह गठन गर्ने निर्णय गरेको हो ।

यसैगरी प्राकृतिक प्रकोप जोखिम न्यूनीकरणका लागि युवा परिचालन गर्ने निर्णय गरेको नेकपा एमाले जिल्ला विपद व्यवस्थापन तथा स्वंमसेवक विभागीय प्रमुख दाहालले जानकारी दिए । बैठकमा नेकपा एमाले जिल्ला सचिव तथा हेटौंडा-४ का वडा अध्यक्ष नवीन सिग्देल, पार्टी उपसचिव सिता विष्टलगायतको आतिथ्यता थियो । बैठकमा अनेरास्ववियु, राष्ट्रिय युवा संघ, अनेमसंघ, रिटर्नी फेडेरेसन, नेपाल खेलकुद महासंघ तथा जिफन्टका अध्यक्ष तथा प्रतिनिधिहरुलगायत विभागिय सदस्यहरुको उपस्थिति रहेको जिल्ला विभागका सचिव सुभाष गौतमले बताए ।

# खेलाडीलाई तीजले छोएन

काठमाडौं, १३ भदौ (रासस)/ हिन्दू धर्मावलम्बी नारीको महान् पर्व हरितालिका तीजमा कैयौं महिलाले रमाइलो गरिरहँदा देशका लागि पसिना बगाउने कतिपय खेलाडी भने यतिबेला पशिक्षणमा व्यस्त छन् ।

घरपरिवार, इष्टमित्र, साथीसंगीसँग रमाउने रहर हुँदाहुँदै पनि देशको प्रतिष्ठा जोगाउनकै लागि पनि यतिबेला खेलाडी हरेक दिन मेहनत गरिरहेका छन् । विश्वभर महामारीका रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९)का कारण विगतका केही वर्ष तीज मनाउन नपाएका खेलाडीका लागि यसपटकको तीज पनि यस्तैयस्तै हुन पुगेको छ ।

नेपाली राष्ट्रिय फुटबल टोलीकी फरवार्ड सावित्री भण्डारी (साम्बा) ले तीज पर्वमात्रै नभइ चाडपर्व नै बिर्सिसकेको बताए । "खेल क्षेत्रमा आएको सुरुसुरुको वर्षमा परिवार साथीसङ्गी निकै मिस हुन्थ्यो तर अब त इज टु भइसकेको छ, खेलाडीका लागि चाडपर्वभन्दा पनि खेल नै ठूलो हो", भण्डारीले भने ।

फुटबलका प्राय: सबै खेलाडीको भनाइ यस्तै नै रहेको छ । चाडपर्वभन्दा पनि उनीहरुको मुख्य प्राथमिकता खेल नै रहेको देखिन्छ । राष्ट्रिय फुटबल टोलीका टिम म्यानेजर विन्द्रा देवानले खेलाडी क्लोज क्याम्पमा भएका कारण यसपटकको तीजमा महिला खेलाडीलाई घर पठाउन सम्भव नभएको बताए ।

उनले नजिकिँदै गरेको महिला साफ च्यापियनसिपका कारण पनि खेलाडीलाई तीज मनाउनकै लागि भनेर घरमा पठाउन नसकिएको बताए । "नेपाली महिलाको महान् पर्व तीज हो, हामी प्रशिक्षणकै दौरानमा खेलाडीसँग शुभकामना आदान प्रदान गर्नेछौं, खेलाडीमात्र नभई महिला प्रशिक्षकलाई पनि तीज पर्वले छोएको छैन", उनले भने ।

तीज पर्वभन्दा पनि खेल क्षेत्रबाट नेपालको नाम कसरी उच्च बनाउन सकिन्छ भन्ने विषयमा ध्यान केन्द्रित रहेको नेपाली राष्ट्रिय फुटबल टोलीकी सहायक प्रशिक्षक कमला खरेलले बताए । उनले यसअघिका वर्षमा भने तीज मनाउँदै आउनुभएको थियो तर यसपटक भने उनको तीज खेलाडीसँग बित्नेछ । "अघिल्ला वर्षमा परिवार साथीसँग जमघट गरेर तीज मनाउँदै आउने गरेको थिएँ तर यसपटक साफ च्याम्पियनसिपमा नेपालले कसरी गोल्डमेडल भित्र्याउन सक्छ भने विषयमा नै मेरो ध्यान छ", उनले भने । उनले साफ च्याम्पियनसिपमा प्राय: दोस्रो बन्दै आएको नेपाललाई यसपटक भने पहिलो बनाउने उदेश्यका साथ अभ्यास गरिरहेको बताए । तीज पर्वभन्दा पनि घरेलु मैदानमा लगातार दोस्रोपटक आयोजना हुन लागेको महिला साफ च्याम्पियनसिपमा स्वर्ण पदक जित्ने उदेश्यका साथ महिला खेलाडी प्रशिक्षणमा व्यस्त देखिन्छन् ।

सन् २०१९ मा भएको अघिल्लो संस्करणको साफ नेपालले विराटनगरमा आयोजना गरेको थियो । त्यतिबेला पनि नेपाल दोस्रो नै भएको थियो । नेपाली राष्ट्रिय महिला फुटबल टोलीले यही भदौ २१ देखि असोज ३ गतेसम्म साफ च्याम्पियनसिप खेल्दैछन् ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आयोजना हुने उक्त च्यापियनसिपमा आयोजक नेपालसहित भूटान, पाकिस्तान, श्रीलङ्का, बङ्गलादेश, भारत र माल्दिभ्सको टोली सहभागी हुनेछन् । प्रतियोगितामा सहभागिता जनाउन भूटानी टोली भने नेपाल आइपुगिसकेको छ ।

नेपाली टोलिमा गोलकिपर एञ्जिला तुम्बाप्पो सुब्बा, अञ्जना रानामगर र उषानाथ छन् । डिफेन्डरमा हीराकुमारी भुजेल, अमृता जैसी, गीता राना, पुनम जर्घामगर, निशा थोकर, समीक्षा घिमिरे र विमला विक छनोट भएका छन् ।

मिडफिल्डरमा विमला चौधरी, मञ्जलीकुमारी योञ्जन, प्रीति राई, सरु लिम्बू, दीपा राई, दीपा शाही, इन्दिरा राई, अनिता बस्नेत र अनिता केसी छन् भने फरवार्डमा सावित्रा भण्डारी, अमिषा कार्की, रेखा पौडेल र रश्मिकुमारी घिसिङ छन् ।

फुटबल मात्र नभइ अन्य खेलका महिला खेलाडीलाई पनि तीज लागेको छैन । उनीहरुले तीज पर्वभन्दा पनि खेल पर्व नै ठूलो मानिरहेको देखिन्छ । अहिले विभिन्न खेलका महिला खेलाडी नवौं राष्ट्रिय खेलको तयारीमा जुटिरहेका छन् । सागमा लगातार दुई स्वर्ण पदक हात पार्ने उसु खेलाडी निमा घर्तीमगर तीज मनाउनुभन्दा पनि प्रतियोगितामा कसरी स्वर्ण जित्न सकिन्छ त्यसतर्फ उनको ध्यान केन्द्रित भएको देखिन्छ । गण्डकी प्रदेशमा आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म आयोजना हुने नवौं राष्ट्रिय खेलका लागि उन अहिले बिहान बेलुका नभनि तालिममा व्यस्त हुनुहुन्छ । तीजको खासै चासो नराख्ने उनलाई तीज कसरी मनाइन्छ भन्ने थाह नै छैन र हालसम्म उनले तीज मनाउने गर्नु नै भएको छैन ।

तीज पर्वमा खासै चासो नरहेको उनले हरेक खेलमा आफ्नो पफमेन्स कसरी राम्रो गर्न सकिन्छ भन्नेमा आफनो ध्यान केन्द्रित रहने बताए । बाह्रौं दक्षिण एशियाली खेलकुद प्रतियोगितामा १६ वर्षकै उमेरमा उनले नेपाललाई स्वर्णपदक दिलाएर नेपाली खेलप्रेमीलाई खुसी प्रदान गरेको थियो ।

उसुमा दुई स्वर्ण जित्ने निमा हालसम्म एक्ली खेलाडी हुन् । नेपालमा नै आयोजना भएको तेह्रौं सागमा उनले उसुको नानछ्वानमा कुल २० मा १८ दशमलव ९१ अंक स्कोर गरेको थियो । १२ औं सागमा स्वर्ण जित्दा उनको स्कोर १६ दशमलव ९१ थियो । निमाले भने, "फेरि पनि आफनो इफोर्ट स्वर्ण पदकै लागि हुनेछ ।"

नजिकिँदै गरेको नवौं राष्ट्रिय खेलको तयारीका लागि चेस खेलाडीले पनि जमघट गरेर तिज मनाउन पाएनन् । चेस खेलमा सर्वाधिक सफलता हासिल गर्नुभएकी खेलाडी मोनालिसा खम्बुले पनि औपचारिकरुपमा तीज पर्व मनाउने गरेको छैन । आफू किरात समुदायमा रहेकाले औपचारिक तीज नमनाए पनि विभिन्न संघसंस्थाले मनाउने गरेको तीज कार्यक्रममा भने उनले सहभागिता जनाउने गरेको छ ।

तीजमा स्पेसली खाने र नाच्ने कार्यक्रममा मात्र नभइ महिला सशक्तीकरणमा सबैले जोड दिन आवश्यक रहेको चेस खेलाडी मोनालिसाले बताए । त्रिभुवन आर्मी क्लबमा चेस खेलको व्यवस्थापकको जिम्मेवारी सम्मालेको उनले यसपटकको तीजमा खेलाडीलाई तिजको लागि भनेर घर नपठाएको बताए ।

उनका अनुसार आर्मीले केही दिनअघिमात्र औपचारिक कार्यक्रमको आयोजना गरेर महिला खेलाडीलाई दर खुवाएको थियो । मोनालिसा नेपालको पहिलो राष्ट्रिय महिला चेस च्याम्पियनका साथै अन्तर्राष्ट्रिय चेसमा नेपालको प्रतिनिधित्व गर्ने पहिलो महिला खेलाडीसमेत हुन् । उनी चेस संघको सचिवका साथै नेपालको पहिलो महिला अन्तर्राष्ट्रिय चेस आर्विटसमेत हुन् ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका कारण अधिकांश खेलका महिला खेलाडी क्लोज क्याम्म नै व्यस्त छन् । तीज पर्वभन्दा पनि आफ्नो टोलीलाई कसरी पहिलो बनाउन सकिन्छ र खेलमा राष्ट्रिय कीर्तिमान कसरी कायम गर्न सकिन्छ भन्ने विषयमा खेलाडीको ध्यान केन्द्रित भएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कसरी मनाउँछन् तेस्रोलिङ्गीले तीज ?



काठमाडौं, १३ भदौ (रासस)/ तीज पर्वमा माइत गएर, आमा दिदीबहिनी भेटघाट गरेर आफूले जीवनमा भोगेका पीडालाई गीतमार्फत् अभिव्यक्त गर्दै मनाउने गरिन्छ । तर तेस्रोलिङ्गी महिलाले भने आफन्तभन्दा पनि आफ्ना साथीभाइसँग मनाउने गर्छन् तीज ।

आफन्तको व्यवहारका कारण उनीहरु साथीभाइबीच भेटघाट गरी तीज मनाउने गरेका हुन् । "तीज पर्व आफन्तसँग मनाउन रमाइलो हुन्छ, आमा, दिदीबहिनी भेटघाट गर्दा छुट्टै आन्नद हुन्छ होला", सिन्धुलीकी रुविना तामाङले भने, "घरपरिवार र समाजले मलाई सहजरुपमा स्वीकार गरेको छैनन्, पहिरन पनि मिल्दैन, सोच मिल्दैन ।" रुविनालाई परिवारसँग भेट्न नपाए पनि आफ्नो खुसीका लागि साथीसँग मिलेर तीज मनाउन राम्रो लाग्छ । "म व्रत बस्छु, पहिला त निराहार बस्थैं, अहिले फलफूल खाएर बस्छु" उनले सुनाए, "राम्रो पति मिलोस भनेर व्रत गरेको छु, विधिपूर्वक पूजा गर्छु ।"

तेस्रोलिङ्गी महिला सबैले व्रत बस्दैनन् । व्रत बस्दा मन्दिरमा पूजा गर्न सहज पनि छैन । यी समुदायका महिला सुरुमा पुरुष भएर जन्मिएका हुन्छन् । बाबुआमाले छोराकैरुपमा हुर्काएका हुन्छन् । तर हुर्कने, बढ्ने क्रममा आफूलाई छोरीको महसुस गरेर छोरीकै पहिरन लगाउने, छोरीकै हाउभाउ देखाउने र व्यवहार गर्ने गर्दछन् ।

जन्मँदा छोरा भनेर परिवार र समाजले हेरिरहेको हुन्छ । पछि एकैपटक छोरीका रुपमा समाजले सहजरुपमा स्वीकार्न सक्दैन । "मलाई पनि तीजको दिन माइत जान, दर खान र व्रत बस्न मन लाग्छ, तर त्यो सम्भव छैन", रुविनाले थपे, "साथीभाई भेटघाट गर्न रहर लाग्छ, परिवारले स्वीकार गर्दैन, समाजमा अनेक कुरा गर्दछन्, यसकारण पनि हामी घरमा जादैनौं ।"

"म छोराका रुपमा जन्मिएको हो, पछि किशोर अवस्थामा हुर्कदै जाँदा छोरीको महसुस भयो", रुविनाले आफ्नो बाल्यकालको कहानी सुनाउँदै भने, "मलाई पनि विवाह होस्, बच्चा होस्, श्रीमान् भन्न पाइयोस् जस्तो लाग्छ, तर सम्भव छैन ।" नेपालको संविधानमा यो समुदायलाई अन्य नागरिकका रुपमा नागरिकता दिने व्यवस्था गरिएको छ । तर कानुन बन्न नसक्दा प्रभावकारी रुपमा त्यो कार्यान्वयन भएको देखिँदैन । "संविधानमा लेखिएपछि निकै आफ्नै पहिचान हुन्छ भनेर खुसी लागेको थियो । तर संविधानमा सीमित भयो", उनले जोडे, "कागजमा लेखिएका कुरा कार्यान्वयन भएन ।" यो समुदायलाई तीज र अरु पर्व मनाउन सहरी क्षेत्रमा सहज भए पनि ग्रामीण भेगमा कठिन छ । समाजमा यो समुदायलाई जीवनयापन गर्न पनि कठिन छ । "आफ्नो दिमाग र मन मस्तिष्कले छोरी हो भन्ने महसुस भएपछि मलाई छोराका रुपमा परिवार र समाजमा बस्न मन लागेन", रुविनाले जीवन कठिन मोडबाट अघि बढेको स्मरण गर्दै सुनाए, "छोराले अचानक छोरीको पहिरन, व्यवहार, लजाउने स्वभाव देख्दा स्वीकार गर्न सहज भएन ।"

तेस्रोलिङ्गी महिलाले तीज पर्व र अन्य पर्व पनि साथीभाइसँग मिलेर मनाउछन् । सहरी क्षेत्रमा एकाध स्वीकार गरिएको भए पनि धेरैको परिवारले स्वीकार गर्न नसकेको नै गुनासो छ । अधिकांश ग्रामीण भेग र परिवारमा यो समस्या छ । "म पनि आमाकै कोखबाट जन्मिएको हो, हामी छुट्टै ग्रहबाट आएको होइन, आकाश या धर्तीबाट आएको पनि होइन", तीज पर्वका अवसरमा रुविनाले परिवार, समाज र राष्ट्रसँग आग्रह गर्दै भने, "हाम्रो भविष्य अनिश्चत छ, आफ्नो सन्तान जस्तै हो भनेर सबैले माया र सहयोग गर्न अनुरोध गर्छु ।"

घरपरिवार र समाजमा सहज रुविनालाई मात्र होइन महोत्तरीकी नग्मा खानलाई मुस्लिम परिवारमा जन्मिएको भए पनि मस्जिदमा जान प्रतिबन्ध छ । त्यसैले उनले हिन्दू महिलाले मनाउने तीज पर्व मनाउछन् । "मलाई नमाज पढ्न, रोजा बस्न दिइँदैन, मस्जिदमा जान अनुमति छैन", उनले थपे, "मन लाग्यो भने आफूले घरमै बसेर गर्छु, हिन्दू भएर मन्दिरमै गएर पूजा गर्छु ।" नग्माको यादव थरको पुरुषसँग विवाह भएको छ । नग्मा पनि छोरा भएर जन्मिएको हुनाले समाजले छोरीका रुपमा स्वीकार गर्न सकेको छैन ।

"म पतिका लागि तीजमा व्रत बस्छु, मेरो पति हाम्रो समुदायको होइन, जन्मजात नै पुरुष हो", उनले पतिका बारेमा जानकारी दिँदै भने, "परिवारको आग्रहमा मेरो श्रीमान्ले केटीसँग विवाह गरेको छ, एक छोरा छ, हामीसँगै बस्छ", नग्माले एउटा पारिवारिक जीवन बिताउँदै आएको छ । छोरा पनि साथमा भएकाले परिवार पूरा भएको महसुस उनलाई छ । "मलाई माइतीले स्वीकार गरेको छैन, तर श्रीमान्ले परिवारले स्वीकार गरेका छन्, जाने आउने सबै खालको सम्बन्ध छ", उनले थपे, "अर्को श्रीमती गाउँमा बस्छन्, म सहरमा छु, सबै परिवारलाई जानकारी छ, श्रीमान्कै घरमा गएर बसेर चाडपर्व मनाउँछौं ।"

बेलाबेला उनका पतिलाई समाजले नराम्रो तरिकाले भन्ने गरेको सुनाउँदै उनी थप्छन्, "गाउँमा समाजले तेरो छोरा हिजडासँग बसेको छ भनेर भनिरहन्छन्, त्यो सुनेर उनको मन पनि खिन्न हुँदो हो, हामी जुन समुदायमा हुर्किएका छौं, त्यो समाजले अहिले पनि सहजरुपमा लिन सकेको छैन ।" नग्माको छोराकै नाममा नागरिकता छ । उनले एमएसम्म पढेको छ । धेरैले बाबुआमाकै नाममा नागरिकता लिएर बसेका छन् ।

"आफ्नो पतिको लागि भनेर एकदिन व्रत बस्दा राम्रो लाग्छ", उनले थपे, "जिन्दगीमा जीवनसाथी महत्वपूर्ण छ, उसको लागि व्रत बस्दा असाध्यै राम्रो लाग्छ ।" नील हीरा समाजका अध्यक्ष पिङ्की गुरुङलाई तीज पर्व आफ्नो समुदायको अधिकारका लागि पनि लड्ने दिनजस्तो लाग्छ । "हरेक वर्ष तीज मनाउँछु, वर्ष दिनमा आउने पर्व परिवारसँग मनाउन पाइँदैन", उनले परिवारको याद धेरै आउने गरेको सुनाउँदै भने, "घरपरिवारको तिर्सना मेटाउन साथी मिलेर मनाउछौं, समाजले यो समुदायलाई सांस्कृतिरुपमै वञ्चित गरेको छ, यो भन्दा दु:ख लाग्छ ।" उक्त समाजको तथ्यांकअनुसार नेपामा करिब नौ लाख लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय रहेका छन् । परिवार तथा समाजले सहजरुपमा स्वीकार गर्न नसकेका कारण उनीहरु खुलारुपमा बाहिर आउन नसकेको अध्यक्ष गुरुङको भनाइ छ । सो समाजका २५ जिल्लामा कार्यालय छन् ।

ती सबै कार्यालयमा तीज कार्यक्रम मनाउने तयारी छ । "हरेक वर्ष काठमाडौंमा कार्यालयमै तीज मनाउने गरिन्थ्यो, अहिले धेरै छौं", उनले थपे, "यो वर्ष गैरीधारास्थित सिल्भर ओक भोजमा कार्यक्रम गर्ने तयारी छ ।" उनका अनुसार उक्त समुदायको तीज कार्यक्रममा उत्कृष्ट नृत्य, हास्य नृत्य, उत्कृष्ट पहिरन, उत्कृष्ट हिँडाइलाई पुरस्कार प्रदान गरिन्छ । अध्यक्ष गुरुङका अनुसार कसैलाई पनि पर्वमा परिवारको सम्झनामा पीर मानेर बस्नु नपरोस् भनेर कार्यक्रमको आयोजना गर्न लागिएको हो । उक्त समदायले १७ वर्षदेखि तीज कार्यक्रम मनाउँदै आएको छ ।

नील हीरा समाजका कार्यक्रम निर्देशक सञ्जय शर्माका अनुसार जन्मँदै छोरा तर हुर्कंदै बढ्दै जाँदा छोरीको महसुस गर्ने तेस्रो लिङ्गी महिलाले तीज पर्व मनाउछन् । जन्मँदा छोरी भएर जन्मने तर हुर्कने बढ्ने क्रममा छोरा व्यवहार देखिनेले व्रतबन्ध गर्ने, बाबुआमाको काजकिरिया गर्ने गर्छन् । यो वर्ष तीज कार्यक्रममा उक्त समुदायका चार सय महिला सहभागी भएर तीज मनाउने कार्यक्रम छ ।

उक्त समाजले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको अधिकारका लागि काम गर्दै आएको छ । नेपालमा सिमान्तकृत यौन अभिमुखिकरण, लैङ्गिक पहिचान र यौन विशेषताका व्यक्तिमा पनि विशेष गरी तेस्रोलिङ्गी वर्गको हकअधिकारका लागि काम गर्न स्थापना गरिएको हो । विविध लैङ्गिकता र यौनिकताका व्यक्तिविरुद्ध विद्यमान कानुनमा परिवर्तनको पक्षमा वकालत गर्न सन् २००१ मा स्थापित भएको थियो । समाजले विविध लैङ्गिक र यौनिकताका व्यक्तिको निम्ति मैत्रीपूर्ण यौन स्वास्थ्यसम्बन्धी शिक्षा दिने, सरकारसँग वकालत गर्ने, युवाको कलात्मक अभिव्यक्तिलाई प्रोत्साहित गर्ने र हिंसाको अभिलेख राख्ने उद्देश्य रोखेको छ । यो समुदायबाट सुनिलबाबु पन्त र भूमिका श्रेष्ठले कानुन बनाउने निकायमा समेत नेतृत्व गरिसक्नुभएको छ । सर्वोच्च अदालतमा यौनिक तथा अल्पसंख्यक समुदायका सदस्यलाई भेद्भाव हुने गरी बनाएका कानुन खारेज गर्न आदेश दिएको थियो ।

नेपालको संविधानको धारा १२ मा वंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकता प्रदान गर्ने व्यवस्था गरेको थियो । तर त्यसअनुरुप कानुन बन्न सकेको छैन । एकाध व्यक्तिले बाहेक अरुले नागरिकता प्राप्त गर्न सकेका छैनन् । उनीहरुमाथि हुने असमान व्यवहार र दुर्व्यवहारमा भने कमी नभएको उक्त समुदायका सदस्यको भनाइ छ ।

तीज पर्व यो समुदायका महिलाको हक अधिकारका लागि पनि मनाइने गरिन्छ । आफूले भोग्नुपरेका समस्यालाई चिर्दै अधिकार प्राप्तिको अभियानसँगै जोडेर मनाउने गरेको समाजकी अध्यक्ष गुरुङको भनाइ छ । "तीजपर्व सशक्तीकरण र नारी आवाजलाई बुलन्द गरी मनाउने पर्व हो", समाजकी अध्यक्ष गुरुङले भने, "हाम्रो समुदायको अधिकार प्राप्तिका लागि खबरदारी अभियानका रुपमा हामीले मनाउने गरेका छौं ।"

अध्यक्ष गुरुङ पनि जन्मँदा पुरुष भएर जन्मिएर हुर्कंदै बढ्दै जाने क्रममा छोरी हुनुभएको हो । "हुर्कंदै/बढ्दै जाँदा मलाई महिलाको अनुभव हुन थाल्यो, आफ्नै उमेरका केटी तीजको व्रत बस्थे, म शारीरिकरुपमा केटाजस्तो देखिन्थें", उनले विगत स्मरण गर्दै भने, "मेरो भावनालाई समाजले बुझ्दैनथ्यो, अहिले म निर्धक्क व्रत बस्छु, केटीकै कपडा लगाएर हिँड्छु ।"

# देशभक्त र बामपन्थी...

पहिलो त नेतृत्वका कारण माओवादी केन्द्रसँग एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र बामदेव समूह एकीकृत हुने सम्भावना कम छ ।

कथंकदाचित पार्टी एकता भैहालेछ भने पनि त्यसले खासै अर्थ राख्ने देखिँदैन । हालको अवस्थामा माओवादी केन्द्रले नेपाली कांग्रेससँगको सहकार्यको अन्त्य गरेर बृहत् बाम एकताको पक्षमा आफूलाई उभ्याउने हो भने नेपालको राष्ट्रिय राजनीतिको स्वरूपनै नयाँ बन्न सक्ने अवस्था छ । बाम पार्टी हुनुको नाताले माओवादी केन्द्रले गर्नुपर्ने पनि त्यही नै हो । पाँचवटा घटकले आगामी निर्वाचनको सीट बाँडफाँट गरेर एमालेसँग निर्वाचन लड्नु आफै कुहिनाले पहरासँग लड्नुजस्तै हुने देखिएको छ ।

गत स्थानीय निर्वाचनमा पनि मत प्रतिशतका आधारमा पहिलो पार्टी बनेको एमालेको अवस्था र सो पार्टीका अध्यक्ष ओलीको 'चट्टानी अडान' गतिबेला सबैका लागि चर्चाको बिषय बनेको छ । त्यसमाथि पनि अध्यक्ष ओलीले पछिल्लो समयमा गर्नुभएको देशभक्त बामपन्थी र प्रगतिशील शक्तिबीचको एकताको आह्वानले विशेष महत्व राखेको छ । यो अवस्थामा माओवादी केन्द्रले समेत आफ्नो सोच र संलग्नतालाई बदल्नु र एमालेसहितको बृहत् बाम एकताको निर्माण गर्नु बढी उपयुक्त हुने देखिएको छ । *-दैनिक नेपाल*

# 'संसारमै सबैभन्दा राम्रा मान्छे नेपालमा छन्'




काठमाडौं/ फलको आशा नगर्नु र कर्म गर्न नछाड्नु भन्ने उखानसँग सोफिया भुजेलको स्वभाव ठ्याक्कै मिल्छ । सन् २०१९ को मिस नेपाल संस्करणमा उनी अन्तिम सातबाटै बाहिरिइन् ।

मिस नेपाल बन्ने सपना रोकिए पनि उनले इमान्दारितालाई भने पूर्णविराम लगाइनन् । बरु त्यसपछि उनको पेजेन्ट करिअरले गति लियो । त्यसपछि उनी ग्लोबल एसियन मोडल २०१९ को फाइनलिस्ट भइन् र मिस इको इन्टरनेसनलको उपाधि पनि उनलाई मिल्यो । अहिले भने सोफियासँग विश्वकै प्रतिष्ठित मिस युनिभर्स नेपालको ताज शिरमा छ । मिस युनिभर्स नेपालको ताज जितेपछि अनलाइनखबरसँग कुरा गर्दा सोफिया उत्साहित सुनिइन् । आगामी जनवरीमा अमेरिकामा हुने मिस युनिभर्सको अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा नेपालको प्रतिनिधित्वलाई उत्कृष्ट ढंगले प्रस्तुत गर्ने उनको योजना छ ।

'म यसका लागि आजकै मितिदेखि जुट्नेछु,' सोफिया भन्छिन्, 'नेपाली संस्कृतिक, विविधता र सम्पदाबारे सबैलाई थाहा छ । तर म नेपाली मान्छेहरुलाई प्रतिनिधित्व गर्न चाहन्छु । किनभने मलाई लाग्छ कि विश्वमा सबैभन्दा राम्रो मान्छे नै नेपालमा पाइन्छन् ।' पछिल्लो समय महिलाहरुको आवाज र क्षमतालाई पहिचान गर्ने प्लेटफर्मको रुपमा मिस युनिभर्स विकास भएको उनको भनाइ छ । 'म युनिभर्ससँग कनेक्ट यसकारण छु कि यसले सबै महिलालाई आफ्नो क्षमतालाई पहिचान गर्ने प्लेटफर्म दिएको छ,' उनी भन्छिन्, 'जहिलेदेखि मिस युनिभर्सलाई समावेशी बनाइयो, म खुसी छु ।'

कतिपय मान्छेहरुले नबुझीकनै सुन्दरी प्रतियोगिताको विरोध गरेकाले त्यसलाई सकारात्मक ढंगले हेर्न पनि उनको आग्रह छ । 'मलाई नै हेर्नुस् सन् २०१९ मा पेजेन्टमा छिर्दा म लजालु किसिमकी थिएँ, अहिले कन्फिडेन्टले भरिएकी छु,' उनी भन्छिन् । पुस्तक अध्ययनकी स्वभाव भएकी सोफियाको भविष्यको योजना पुस्तक लेखन पनि छ । आफूले अध्ययन गरेका पुस्तकले जीवनप्रतिको दृष्टिकोणलाई ऊर्जा दिएको उनी बताउँछिन् । काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन)की फ्यान समेत रहेकी सोफिया राजनीतिमा युवापुस्ताको यो पहिलो कदम भएको बताउँछिन् ।

# प्रतिनिधिसभामा प्रतिवेदन पेस

काठमाडौं, १३ भदौ (रासस)/ प्रतिनिधिसभाको सोमबारको बैठकमा राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको वार्षिक प्रतिवेदन पेश भएको छ ।

बैठकमा समितिका सभापति नीरादेवी जैरुले समितिको वार्षिक प्रतिवेदन, २०७६ र एकीकृत प्रतिवेदन, २०७९ पेस गरेको हो । 'राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको वार्षिक प्रतिवेदन, २०७६' र 'राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको एकीकृत प्रतिवेदन, २०७९'क पेस भएको छ ।

समिति गठन भएपश्चात् प्रतिवेदन तयारीको अवधिसम्म कूल ५३ बैठक भएको र संविधानमा उल्लेख भएका राज्यका विभिन्न नीतिमध्ये शिक्षा, स्वास्थ्य, अन्तर्राष्ट्रिय सम्बन्ध तथा विकाससम्बन्धी नीतिका विषयलाई प्रमुख प्राथमिकतामा राखी समितिको कार्ययोजना तयार गरी कार्यान्वयन गर्दै आएको सभापति जैरुले बताए ।

उनले समितिलाई आगामी दिनमा प्रभावकारी र परिणाममुखी बनाउन सरोकारवालासँग समन्वय गरेर अघि बढ्ने विश्वास व्यक्त गरे । बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले राष्ट्रपतिको कार्यालयबाट प्राप्त विधेयक प्रमाणीकरणसम्बन्धी पत्रको बेहोरा पढेर सुनाएको थियो ।

# थाहा नगरपालिकामा स्थानीय पाठ्यक्रम लागू

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ उत्तरी मकवानपुरको थाहा नगरपालिकाले स्थानीय पाठ्य सामग्री समावेश गरिएको पाठ्यक्रम लागू गरेको छ ।

नगरपालिकाले बालबालिकालाई विद्यालयमा नै स्थानीय भुगोललगायत जातजाति, भाषाभाषि तथा संस्कृतिबारे जानकारी दिने उद्देश्यले स्थानीय पाठ्यक्रम लागू गरेको हो । नगरपालिकाले चालु शैक्षिक सत्रबाट आफ्नो क्षेत्रको सबै सामुदायिक विद्यालयमा स्थानीयता झल्कने पाठ्यक्रम कार्यान्वयनमा ल्याएको जनाएको छ ।



उच्च शिक्षा हासिल गरेकालाईसमेत स्थानीयस्तरको सामान्य जानकारीसमेत हुन नसक्ने अवस्था बढिरहेको बेलामा थाहा नगरपालिकाले बालबालिकालाई विद्यालयमा नै अनिवार्यरुपमा स्थानीय स्तरको सम्पूर्ण पक्षको जानकारी दिने उद्देश्यले पाठ्यक्रम बनाएर लागू गरेको जनाएको छ ।

स्थानीय परिवेश, चालचलन, परम्परा, पर्यटकीय स्थल, स्वास्थ्य, स्थानीय खेलजस्ता मौलिक र संरक्षण गर्नुपर्ने विषयको महत्त्व बुझाउन 'थाहा ज्ञानमाला' पाठ्यसामग्री गत वैशाखदेखि पढाउन थालिएको नगर प्रमुख बिष्णु बिष्टले जानकारी दिए ।

निश्चित तह पास गरेर गएका युवाहरूलाई आफ्नो स्थानीय तहको बारेमा स्पष्ट जानकारी होस् भनेर पनि स्थानीय पाठ्यसामग्री लागू गरिएको प्रमुख बिष्टले बताए । यसैवर्षबाट सुरू गरिएको पाठ्यसामग्री हाल कक्षा १ देखि ५ कक्षासम्म लागू गरिएको नगरपालिका प्रमुख बिष्टले बताए । आगामी अर्को शैक्षिकसत्रबाट ६ देखि ८ कक्षासम्म पढाइ हुने गरी पाठ्यपुस्तक बनाइने तयारसमेत गरिएको विष्टले बताए ।

स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ ले कक्षा १ देखि ८ सम्म स्थानीय सरोकारवालाको संलग्नतामा स्थानीय तहलाई पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ । नगरपालिकामा ५३ वटा सामुदायिक, ६ संस्थागत विद्यालय छन् । जसमा ९ हजार ७ सय ५२ जना विद्यार्थी छन् ।

कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तकमा रूपचन्द्र विष्ट र थाहा अभियानबारे सामान्य जानकारीमात्र समावेश गरिएको छ । ती कक्षाका बालबालिकाका लागि बुझ्न सक्ने प्रकृतिको पाठ्य सामग्री समावेश गरिएको शिक्षा शाखा प्रमुख शोभाकर रेग्मीले बताए । रूपचन्द्र विष्टको उपनाम र विशेषताका बारेमा मात्र साना कक्षाका बालबालिकालाई पढाउने योजनाअनुसार सामान्य जानकारी समावेश गरिएको रेग्मीले बताए ।

# प्रदेश १ (ख)मा कांग्रेसबाट १० जनाको नाम सिफारिस



साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मकवानपुरमा राजनीतिक दलहरुको दौडधुप सुरु भइसकेको छ ।

सत्तारुढ गठबन्धनको प्रमुख घटक नेपाली कांग्रेसले आन्तरिक रुपमा निर्वाचनको तयारीलाई तीव्र बनाउँदै आएको छ । निर्वाचन निजिकिएसँगै नेपाली कांग्रेसमा उम्मेदवारी दाबी गर्नेहरु बढ्दै गएका छन् । सोहीअनुसार बागमती प्रदेशसभा १ को (ख)मा प्रदेश निर्वाचन लड्न आकांक्षीहरु मात्रै झण्डै एक दर्जन पुगेका छन् । सोमबार पार्टी कार्यालयमा भएको नेपाली कांग्रेस प्रदेश १ (ख) कमिटीको बैठकले आकांक्षीहरु १० जनाको नाम पार्टी जिल्ला कमिटीमा सिफारिस गर्ने निर्णय गरेको छ ।

आकांक्षीहरु धेरै देखिएपछि आनन्दराम पराजुलीसहित प्रत्यक्षतर्फ १० जनाको र समानुपातिकतर्फ करिब आधा दर्जनको नाम जिल्ला कमिटीमा सिफारिस भएको हो । कांग्रेसबाट पराजुली प्रदेश सांसद्को उम्मेदवारको प्रमुख दाबेदार हुन् । प्रत्यक्षतर्फ पराजुलीसँगै पार्टी जिल्ला सभापति बुद्ध लामा, अशोक शाक्य, प्रभातकुमार दाहाल, ईश्वर पाठक, ताराप्रसाद चौलागाई, अर्जुनप्रसाद चौलागाई, होमनाथ गौतम, अञ्जना उपाध्याय र शर्मिला श्रेष्ठको नाम सिफारिस गरिएको जनाइएको छ । समानुपातिकमा लक्ष्मी श्रेष्ठ, लक्ष्मी थिङ, तारा राई कार्की, इन्दिरा न्यौपाने, शम्भु लामा, रमेश गिरी, निलम देवकोटालगायत छन् ।

जिल्लास्थित प्रदेश क्षेत्र समितिहरुले १६ भदौभित्र आकांक्षीहरुको नाम जिल्ला कमिटीमा सिफारिस गरिसक्नु पर्नेछ । प्रतिनिधिसभा क्षेत्रका समितिहरुले १८ गतेभित्र आकांक्षीहरुको नाम सिफारिस गरेपछि जिल्ला कमिटीले २० गते प्रदेश कमिटीमा पठाइसक्नु पर्नेछ । मकवानपुरमा वाम-लोकतान्त्रिक गठबन्धन एक भएर निर्वाचन लड्ने तयारी छ । गठबन्धन भएकाले प्रदेशसभा १ (क)मा माओवादी र १ को (ख)मा कांग्रेसलाई भाग परेको जनाइएको छ ।

# योजना कार्यान्वयनमा ढिलाई नहोस्: राज्यमन्त्री प्रजा

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ चालू आर्थिक वर्ष २०७९/०८९ मा छुट्याइएको योजना कार्यान्वयनमा ढिलाई नगर्न बागमती प्रदेशको भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजाले निर्देशन दिएका छन् ।

राज्यमन्त्री प्रजाले मातहतका कार्यालयका कर्मचारीहरुलाई योजना कार्यान्वयनमा ढिलाई नगर्न निर्देशन दिएका हुन् ।

प्रदेशभित्रका पूर्वाधार विकास कार्यालय र सहरी विकास तथा भवन कार्यालयका कार्यालय प्रमुखहरुबीच सोमबार मन्त्रालयमा भएको कार्यक्रम कार्यान्वयन बारेको छलफलमा राज्यमन्त्री प्रजाले डीपीआर गर्नुपर्ने योजनाहरुको डीपीआर सुरु गरी चाँडै ठेक्का लगाउन निर्देशन दिएका हुन् ।

'योजना कार्यान्वयन गर्न कुनै कानुनी वा नीतिगत समस्या छ भने पहिचान गरी चाँडै नै मन्त्रालयलाई जानकारी गराउनूस्, नभए अब चाँडै नै योजना कार्यान्वयन गर्नेतिर लाग्नुपर्ने हुन्छ ।,' राज्यमन्त्री प्रजाले भने ।

बहुवर्षीय ठेक्का लागेर काम भइरहेका सडक, भवन तथा सडक पुलका योजनाहरु चाँडै सम्पन्न गर्न सम्बन्धित कार्यालयहरु दबाब दिनुपर्ने पनि उनले बताए । यसअघि डीपीआर भएर बसेका



योजनाहरुमा आवश्यक बजेट विनियोजन गरिएको भन्दै राज्यमन्त्री प्रजाले कुनै योजनामा बजेट हाल्न छुटेको भए संशोधन गरी बजेट हालिने प्रतिवद्धता पनि जनाए । कार्यालयहरुमा कर्मचारीको अभाव भएको गुनासो आएको भन्दै उनले सबै कार्यालयहरुमा स्थायी कर्मचारी थप गर्ने प्रक्रिया अघि बढिसकेको पनि उनले बताए ।

विगतमा कार्यालयका कर्मचारीको मनमुटाव तथा सल्लाह र समन्वय नहुँदा पनि योजना कार्यान्वयनमा असर परेको स्मरण गर्दै त्यस्तो अवस्थाको अन्त्य गर्न राज्यमन्त्री प्रजाले सचेत गराए । लफलमा मन्त्रालयका सचिव शंकरप्रसाद पण्डितले कार्यक्रमहरु कार्यान्वयनमा कुनै समस्या भए प्रष्ट रुपमा राख्न कार्यालय प्रमुखहरुलाई आग्रह गरे । कानुन र नीति नियमको परिधिभित्र रहेर कार्य सम्पादन गर्नसमेत मातहतका कार्यालय प्रमुखहरुलाई उनले निर्देशन दिए ।

# रिजालद्वारा समानुपातिकमा इच्छा व्यक्त

साझाकुरा संवाददाता

हेटौंडा, १३ भदौ/ नेपाली काँग्रेसका नेता पशुपति रिजालले आगामी मंसिर ४ गते हुन गइरहेको निर्वाचनमा आफूलाई प्रदेश सभामा पार्टीबाट समानुपातिकतर्फ नाम सिफारिस गरिदिन माग गरेका छन् ।



वि.सं. २०३६ सालदेखि पार्टीमा आबद्ध भई विभिन्न पदको जिम्मेवारी सफलतापूर्वक वहन गरिसकेका रिजाल २०४९ सालको स्थानीय निकायको चुनावमा नेपाली काँग्रेसबाट मकवानपुरको साविक कालिकाटार गाविसको अध्यक्षमा निर्वाचित भएका थिए । पार्टीको १२ औं महाधिवेशनमा महासमिति सदस्य निर्वाचित रिजालले आफू उमेरले पनि धेरै भएको र राजनीतिमा निरन्तर लागेर जनताको काममा सक्रिय रहेको भन्दै समानुपातिकतर्फ सिफारिस गरिदिन माग गरेका हुन् । मकवानपुर जिल्लाको दुर्गम कटुञ्जेमा जन्मिएका रिजालले यसअघि भएका चुनावहरुमा आफ्नो पार्टीका तर्फबाट उम्मेदवार रहेका नेतालाई जिताउन अहोरात्र खटिएको स्मरण गरेका छन् । पेशाले निर्माण व्यवसायी रिजाल पार्टीमा निर्बिवाद छवि बनाएका नेता हुन् । 'समानुपातिकतर्फ प्रदेशसभामा सहभागी हुन पाए आफ्नो क्षमता र दक्षताले पार्टी र सिङ्गो प्रदेशको विकासमा योगदान दिन सक्छु', रिजालले *साझाकुरा*संगको कुराकानीमा भने ।

# एमालेले निर्वाचन क्षेत्र समन्वय कमिटी गठन गर्ने



हेटौंडा, १३ भदौ/ नेकपा एमाले बागमती प्रदेश कमिटीले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी गठन गर्ने भएको छ । सोमबार बसेको प्रदेश कमिटी बैठकले प्रदेशका ३३ प्रतिनिधिसभा र ६६ प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी गठन गर्ने निर्णय गरेको हो । एमाले बागमती प्रदेश संगठन कमिटी पदाधिकारीको बैठकले एमालेको विधानको धारा ५९ को अधिनमा रही यही १५ गते भित्रमा उक्त निर्वाचन क्षेत्र समन्वय कमिटी गठन गर्ने निर्णय गरेको जनाएको छ ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीले पार्टी केन्द्रीय कमिटीले निर्धारण गरेको मापदण्ड र सिमाभित्र रहेर उम्मेदवारको नाम सिफारिस गर्नुपर्ने र उक्त सिफारिसको लागी भएको बैठकको निर्णयको प्रतिलिपी र प्रस्तावित उम्मेदवारका सम्बन्धमा सम्बन्धित जिल्ला कमिटीको आवश्यक राय सहित यही भदौ २० गते भित्र उम्मेदवारको सुची प्रदेश कार्यालयमा पेश गर्नुपर्ने निर्णय गरिएको एमाले बागमती प्रदेश कमिटीका उपसचिव तथा प्रचार विभागका प्रमुख महेश कुमार बर्तौलाले जानकारी दिए ।

बर्तौलाले भदौ २० गते भित्र प्रतिनिधिसभा र प्रदेश सभाको लागी समानुपातिक सुचीमा समावेश गर्नुपर्ने उम्मेदवारको नामावली सम्बन्धित जिल्ला कमिटीहरुले प्रदेश पार्टी कार्यालयमा सिफारिस गर्नुपर्ने निर्णय गरेको पनि बताए । बैठकले बागमती प्रदेश सल्लाहकार परिषद् गठन भएको छ । भदौ २१ गते प्रदेश संगठन कमिटीको पुर्ण बैठक, तुल्सिलाल स्मृति हल च्यासल ललितपुरमा बस्ने निर्णय पनि गरिएको बर्तौलाको भनाइ छ । पार्टी केन्द्रीय कमिटीको निर्णय बमोजिम बागमती प्रदेश सहइन्चार्जको जिम्मेवारी प्राप्त गर्ने धर्मदत्त देवकोटालाई बैठकमा औपचारिक स्वागत समेत गरिएको बर्तौलाले बताए ।

## सूचना ! सूचना !! सूचना !!!

देशैभरि हाल डेंगु रोगको प्रकोप फैलिएर माहामारीको रुप लिएको छ । सरुवा रोग तथा माहामारी नियन्त्रण माहशाखा, स्वास्थ्य सेवा बिभाग अनुसार यस रोग सम्बन्धी सामान्य जान्कारी एवम् यसबाट बच्ने तरिका तपशिल बमोजिम रहेको सम्पूर्णमा जानकारीसहित, तल उल्लेखित रोकथामको उपायहरु अपनाई सुरक्षित एवम् शतर्क रहनु हुन अनुरोध छ ।

☞ **डेंगु रोगको सामन्य परिचय:-** यो डेंगु भाइरसबाट लाग्ने एक किसिम कडा संक्रामक रोग हो । यो एडीस एजिप्ति भन्ने प्रजातिको लामखुटेको टोकाईबाट सर्दछ । यो प्राय: सफा पानिमा बस्दछ ।

☞ **डेंगुरोगको केहि प्रमुख लक्षणहरु:-** एक्कासी उच्च ज्वरो आउने, टाउको तथा मांसपेशी/जोर्नीहरु दुख्ने, वाक वाकी लाग्ने वा बान्ता हुने र आफ्नो दैनिकी खानपान वा रुची न लाग्ने इत्यादि ।

**(माथि उल्लेखित लक्षणहरु देखिएमा तुरुन्त स्वास्थ्य संस्था वा अस्पताल जानु होस्)**

☞ **डेंगु रोगबाट बच्ने/रोकथामका उपायहरु:-**

- पुरा बाहुला भएको लुगा लगाउने
- झुल भित्र मात्र सुत्ने
- घरको झ्याल ढोकामा लामखुटे नछिर्ने झुल लाउने
- घर, कार्यलय एवम् सार्वजनिक ठाउँमा पानी जम्न नदिने
- खाल्डा खुल्डी पुर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत् गर्ने
- गमलाको प्लेट, फूल दानी, कुलर आदिको पानी कम्तिमा हप्तामा एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाडोलाइ लामखुटे छिर्न नसकने गरी छोप्ने

**तसर्थ, लामखुटेको टोकाईबाट बच्नु नै, डेंगुबाट बच्ने एक मात्र उपाय हो ।**

*(ध्यानाकर्षण:- मकवानपुर जिल्ला एवम् यस हेटौडा उपमाहनागरपालिका अन्तर्गतका क्षेत्रहरु पनि डेंगु माहामारीको उच्च जोखिममा रहेको छ)*

**जनस्वास्थ्य शाखा**
हेटौडा उपमाहानगरपालिका

## सेक्यूरिटी गार्ड आवश्यकता

**बज्र सेक्यूरिटी कम्पनी हेटौंडा**को लागि भु.पु सेना तथा प्रहरी केही संख्यामा आवश्यक रहेको हुँदा ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।



**आवश्यक कागजातहरु:**
१. पेन्सनपट्टाको फोटोकपी
२. वायोडाटा
३. नागरिकताको फोटोकपी
४. सर्टिफिकेटको फोटोकपी (अनुभव प्रमाणपत्र)
५. फोटो २ प्रति

**बज्र सेक्यूरिटी कम्पनी प्रा.लि.**
हेटौंडा शाखा
सम्पर्क नं. ९८४५०५७१८०, ९८५१२३६०४७
हरि ब. खड्का (३ नं. प्रदेश इन्चार्ज)

## सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा

## विद्यार्थी भर्ना सम्बन्धि सूचना

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक
**सिद्धार्थ माध्यमिक विद्यालय**
हेटौडा- २, मकवानपुर
**सम्पर्क नम्बर**: ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

**प्रोपाईटर**: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२





## विक्की फ्रेस मिट शप

हेटौंडा-२, चौकीटोल



**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

## तपशिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता गर्न आउने १५ दिने अत्यन्त जरुरी सूचना

*दोस्रो प्रकाशित मिति: २०७९/०५/१४*

यस सहकारी संस्थाको तपसिलमा उल्लेखित ऋणीले लिनु भएको कर्जा रकम संस्थासंग कर्जा लिंदा गर्नु भएको शर्त कबुलियत बमोजीम चुक्ता/भुक्तानी नगरी शर्तहरु उल्लंघन गर्नु भएकोले बक्यौता रकम भुक्तानीका लागि संस्थाबाट पटक पटक मौखिक, बिभिन्न मितिमा लिखित पत्रमार्फत कर्जा चुक्ता/भुक्तान गर्न तर-ताकेता गर्दा समेत तपाई ऋणी तथा जमानीकर्ताहरुले सोको पूर्ण बेवस्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरी बस्नु भएकोले तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कर्जाको सम्पूर्ण सावाँ, व्याज तथा हर्जना व्याज लगायतका अन्य दै दस्तुर समेत चुक्ता/भुक्तान गर्न/गराउनको लागि सम्बन्धित ऋणी, जमानतकर्ता समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत कर्जा चुक्ता नभएमा कर्जा लिंदा सुरक्षण बापत यस संस्थालाई लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन, नियमावली, अन्य प्रचलित ऐन, कानुन बमोजिम लिलाम विक्रीको लागि आवश्यक प्रक्रिया अगाडी बढाई संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

| क्र.सं | ऋणीको विवरण |
|---|---|
| १. | कर्जा शिर्षक : हायर पर्चेज<br>नाम : पुरुषोत्तम रुपाखेती<br>बाबु : एकप्रसाद रुपाखेती<br>बाजे नाम : गोविन्दप्रसाद रुपाखेती<br>ठेगाना : सानोपोखरा-५, (हाल वडा नं. ५)<br>ना.प्र. नं. : ८४८<br>जारी मिति : .............जिल्ला मकवानपुर<br> |

| धितोको विवरण |
|---|
| (१) धनी सितु बचत तथा ऋण सहकारी संस्था लि. (ऋणी पुरुषोतम रूपाखेती) भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय वीरगंजमा दर्ता कायम रहेको इन्जीन नं.९०G६२७७२८४ च्यासिस नं. MAT३९६०२०९२G१०२७४ मोडेल नं. कायम भएको ना.४ ख १२३९ नं. को टाटा ट्रक थान १ । |

**सितु बचत तथा ऋण सहकारी संस्था लि.**
भिन्तुनापथ, हेटौंडा-१, मकवानपुर **सम्पर्क**: ०५७-५२४७०६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना